नेपाल सरकार

सूचना तथा सञ्चार मन्त्रालय

# सूचना विभाग

(सूचना व्यवस्थापन शाखा)

फोन: ४११२७१७
४११२५५१
४११२७५३
फ्याक्स : ४११२६५२
www.doinepal.gov.np
pressdoi8@gmail.com

प.सं. : २०७४/७५
च.नं. ४०३

मिति : २०७४/८/२०

विषयः- विज्ञापन नमूना पठाइएको ।

**श्री सम्पादकज्यू**
**वर्गीकरणमा परेका सबै पत्रपत्रिकाहरु ।**

नेपाल सरकारले वर्गीकरणमा परेका पत्रपत्रिकाहरूलाई लोककल्याणकारी विज्ञापन उपलब्ध गराउँदै आएको व्यहोरा अवगत नै छ । यसै सिलसिलामा श्री सूचना तथा सञ्चार मन्त्रालयको प.सं.२०७४।०७५ च.नं. प्रेस ।२२। ११५ मिति २०७४।०८।१८ गतेको पत्रसाथ संलग्न श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको पत्रानुसार पुनर्निर्माण तथा भूकम्प प्रतिरोधी नवर्निर्माण सम्बन्धी यो पत्रसाथ संलग्न निम्न सूचना सन्देशहरु लोक कल्याणकारी विज्ञापनको रुपमा प्राथमिकता दिई आलोपालो मिलाई प्रकाशन गर्ने व्यवस्था हुन मिति २०७४/८/२० को निर्णयानुसार अनुरोध छ ।

२०७४।८।२०

(सरस्वती महर्जन)
शाखा अधिकृत

बोधार्थः-
श्री सूचना तथा सञ्चार मन्त्रालय, सिंहदरवार, सिंहदरवार, काठमाडौं ।
श्री राष्ट्रिय पुनर्निमाण प्राधिकरण, सिहदरवार, काठमाडौं ।
श्री सबै सञ्चार केन्द्रहरु :- उपर्युक्त अनुसार गर्नु गराउनु हुन अनुरोध छ ।
श्री आर्थिक प्रशासन शाखा, सूचना विभाग ।

## सीप सिकौँ, पुनर्निर्माणमा योगदान गरौँ।

- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको समन्वयमा विभिन्न संघ/संस्थाहरूले गाउँगाउँमा डकर्मी, सिकर्मी तालिम दिइरहेका छन्। तालिममा सहभागी भएर सीप सिकौँ, पुनर्निर्माणमा योगदान गरौँ। यसबाट आम्दानीको बाटोमात्र खुल्दैन जीविकोपार्जनमा पनि टेवा पुग्छ।
- सीप भए नेपालमा कामको कुनै कमी छैन। भूकम्पबाट क्षतिग्रस्त भएका आठ लाखभन्दा बढी घर निर्माण र मर्मत संभार गर्नुपर्ने छ। अब बन्ने घर जहाँसुकै बनाउँदा पनि भूकम्प थेग्ने गरी बनाउनु पर्ने भएकाले सीप आर्जन गरेपछि सीपअनुसारको काम पाउन तथा कामअनुसार कमाउन पनि सजिलो हुन्छ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**

## भूकम्प प्रतिरोधी घर बनाऔँ।

२०७२ वैशाखको जस्तो भूकम्प जुनसुकै बेला जहाँ पनि जान सक्छ। त्यसैले, घर निर्माण गर्दा सरकारले तोकेको मापदण्ड पूरा गरौँ, इञ्जिनियरको सल्लाह लिऔँ। निर्माणमा तालिमप्राप्त डकर्मी, सिकर्मीलाई मात्र लगाऔँ। पुनर्निर्माण तथा नवनिर्माण गर्दा गुणस्तरीय सामग्री मात्र प्रयोग गरौँ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**

**तपाईँसँग पुनर्निर्माणसम्बन्धी कुनै जिज्ञासा, गुनासा, सल्लाह तथा सुझाव छ ? छ भने राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको पैसा नलाग्ने टेलिफोन नम्बर १६६०-०१-७२००० वा ९८०१५-७२१११ मा सम्पर्क गरी आफ्ना जिज्ञासा/गुनासा राख्न वा सल्लाह/सुझाव दिनसक्नु हुनेछ।**

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**

## पुनर्निर्माणमा कमजोर वर्गलाई मद्दत गरौँ।

पुनर्निर्माण तथा जनजीविकाको क्षेत्रमा क्रियाशील संघ/संस्था तथा व्यक्तिहरूले सहायता गर्दा सीमान्तकृत समुदाय, एकल महिला, वृद्धवृद्धा, विपन्न, दलित, अपाङ्गता भएका व्यक्ति र परिवारलाई प्राथमिकता दिऔँ। उनीहरूलाई जीविकोपार्जन कार्यक्रममा सहभागी गराई आत्मसम्मानपूर्ण जीवन बाँच्ने अवसर दिलाऔँ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
**सूचना विभाग**